नेपाल सरकार,
उर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
सिक्टा सिंचाइ आयोजना
नेपालगञ्ज, बाँके

## सिक्टा सिंचाइ आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन सम्बन्धी सार्वजनिक सुनुवाईको सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशन मिति: २०७८/०५/२६)

प्रस्तावको नाम: सिक्टा सिंचाइ आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन

प्रस्तावकको नाम: सिक्टा सिंचाइ आयोजना, नेपालगञ्ज, बाँके

प्रस्ताव निर्माण तथा सञ्चालन गर्दा प्रभाव पर्न सक्ने जिल्ला/न.पा/गा.पा. : बाँके जिल्ला, राप्ती सोनारी गाउँपालिका वडा नं. २, ८, ९ र कोहलपुर नगरपालिका वडा नं. ८, १०

प्रस्तावित सिक्टा सिंचाइ आयोजनाले मुख्य कुलोको अतिप्रवाह (Overflow) नियन्त्रका लागि Escape र Counterberm निर्माण गर्न लागेको छ। ६००० मिटर लामो र १० मिटर चौडा Counterberm कुलोको दुबै तर्फ निर्माण गरिने छ। Escape र Counterberm निर्माण गर्नका लागि थप २८.७ हेक्टर जग्गा आवश्यक परेको छ। थप २८.७ हेक्टर आवश्यक जग्गा बाँके राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा र राष्ट्रिय वन अन्तर्गतको सामुदायिक वनमा पर्छ। उक्त आयोजनाको पूरक वातावरणीय प्रभाव मूल्याङ्कन (SEIA) प्रतिवेदन तयारी गर्ने क्रममा वातावरण संरक्षण ऐन २०७६ र वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ बमोजिम सार्वजनिक सुनुवाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको हो। यसै सुचना मार्फत उपर्युक्त क्षेत्रमा उक्त प्रस्ताव कार्यान्वयन गर्दा के कस्तो प्रभाव पर्न सक्छ सो स्थानको स्थानीय तहका प्रतिनिधिहरु, वन उपभोक्ता समूहका प्रतिनिधिहरु, स्थानीय जनता, संघ संस्थाका प्रतिनिधिहरु तथा अन्य सरोकारवालाहरुसंग छलफलका लागि निम्न मिति, स्थान र समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

मितिः २०७८/०६/०२
स्थानः शमशेरगञ्ज क्याम्प, शमशेरगञ्ज
समयः दिउँसो १२ बजे

आयोजना निर्देशक